# त्रिपुरासुन्दरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सल्यानटार, धादिङ

बागमती प्रदेश, नेपाल

प.सं. २०८२/८३
च.नं.

मितिः २०८३/०३/२६
ने.सं.११४६ तछलागा,दशमी

## लिखित कार्यादेश विना कार्य नगर्ने/नगराउने सम्बन्धि अत्यन्त जरुरी सूचना।

उपरोक्त सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली एवं प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाट सार्वजनिक खर्च/खरिदको आदेश दिनुपर्ने प्रावधान रहेकोमा यस त्रिपुरासुन्दरी गाउँपालिकाभित्र विभिन्न समयमा कार्यालयको आधिकारिक लिखित कार्यादेश बेगर अनाधिकृत रूपमा सन्देश मुलक सूचना प्रकाशन, खरिद, मर्मत, आर्थिक सहयोग तथा अन्य निर्माण सम्बन्धि कार्य सम्पन्न गरेको विवरण पेश गरी भुक्तानी दावी गर्ने तथा अनावश्यक दवाव सिर्जना गर्ने गतिविधिका कारण कार्यालयको दैनिक कार्यसम्पादन तथा सेवा प्रवाहमा जटिलता सिर्जना हुने गरेकाले त्यस्तो कार्य कसैले नगर्न/नगराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सूचनालाई बेवास्ता गरी कसैले अनाधिकृत रूपमा त्यस्तो कार्य गरे/गराएमा कार्यालय भुक्तानी दिन बाध्य नहुने साथै उक्त कार्य सम्बन्धमा स्वयं व्यक्ति/संस्था जवाफदेही हुने व्यहोरा अनुरोध गरिन्छ।

विर सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner